**वित्तीय सहायता**: Trinity Health चिकित्सा आवश्यकताको आधारमा हामीकहाँ आउने सबैलाई स्याहार, उपचार र सेवाहरू प्रदान गर्न प्रतिबद्ध छ।

*यहाँ संघीय गरिबीको स्तर मार्गनिर्देशनहरू समीक्षा गर्नुहोस्*

## *वित्तीय सहायता नीति*

- वित्तीय सहयोग तपाईंको आम्दानीको आधारमा उपलब्ध गराइन्छ। यसलाई संघीय गरिबीको स्तरको मार्गदर्शनहरूको प्रयोग गरी परिभाषित गरिन्छ।
- तपाईंले संघीय गरिबीको स्तरको मार्गदर्शनहरूको [200]% वा सोभन्दा कम आम्दानी गर्नुहुन्छ भने तपाईं पूरा छुट पाउन सक्नुहुन्छ। यो चिकित्सकीय रूपमा आवश्यक सेवाहरूमा लागू हुन्छ।
- तपाईंले संघीय गरिबीको स्तरको [201]% र [400]% बिचमा आम्दानी गर्नुभयो भने तपाईं आंशिक छुट पाउन सक्नुहुन्छ।
- Trinity Health ले Medicare छुट दरभन्दा योग्य बिरामीलाई चार्ज लिने छैन।
- तपाईंको सह-भुक्तानीहरू, सह-बीमा र कटौतीयोग्यले छुट पाउन सक्छ। तपाईंले संघीय गरिबीको स्तरको [400]% भन्दा कम आम्दानी गर्नुहुन्छ भने तपाईं सहयोगका लागि योग्य हुन सक्नुहुन्छ।
- तपाईंले विनाशकारी लागतहरूको सामना गर्दै हुनुहुन्छ भने तपाईं छुट पाउन सक्नुहुन्छ। यो तपाईंको पछिल्लो 12 महिनाको चिकित्सा खर्च तपाईंको पारिवारिक आम्दानीभन्दा 20% धेरै हुँदाखेरि हुन्छ। तपाईंको सह-भुक्तानीहरू पनि समावेश गर्न सक्छ। यसले सह-बीमा र कटौतीयोग्य पनि समावेश गर्न सक्छ।

वित्तीय सहायताका लागि कस्मेटिक सर्जरीजस्ता वैकल्पिक सेवाहरूका लागि योग्य छैन।

वित्तीय सहायताका लागि आवेदन दिन, आवेदन पूरा गरी पेश गर्नुहोस्। Trinity Health वित्तीय सहायता नीति (Patient Financial Policy) र आवेदन अस्पतालको वेबपेजमा उपलब्ध छ Saint Alphonsus: Helping patients with medical financial services। तपाईं आफूले स्याहार प्राप्त गर्ने स्थानमा भिजिट गरेर, मेल गरेर वा कल गरेर वा Trinity Health Enterprise Patient Financial Services, 20555 Victor Parkway, Livonia, MI 48152, 800-494-5797 मा टोल फ्रिमा नीति र आवेदनको निःशुल्क प्रतिलिपिको अनुरोध गर्न सक्नुहुन्छ।

Trinity Health वित्तीय सहायता नीति, आवेदन र सहज भाषा सारांश अन्य भाषाहरूमा अनुवाद गरिएको छ र माथि सूचित गरिएको अस्पताल वा बिरामीको वित्तीय सेवा (Patient Financial Services) विभागमा सम्पर्क गरेर उपलब्ध छ।

***प्रदायकको सूची:*** अस्पतालको वित्तीय सहायता नीतिद्वारा समेटिएको अस्पतालको सुविधामा आपत्कालीन वा चिकित्सकीय रूपमा आवश्यक स्याहार उपलब्ध गराउने प्रदायकहरूको सूची अनलाइन वा अनुरोधमा उपलब्ध छ।

***अल्पकालीन र दीर्घकालीन भुक्तानी योजनाहरू:*** तपाईंले आफ्नो भाग भुक्तानी गर्न सक्नुहुन्न भने तपाईं अल्पकालीन भुक्तानी योजनाका लागि योग्य हुन सक्नुहुन्छ। Trinity Health को अल्पकालीन भुक्तानी योजना ब्याजरहित छ। बिरामीहरूले रकम एक वर्षभित्र भुक्तानी गर्नुपर्छ। तपाईंले एक वर्षभित्र कूल रकम भुक्तानी गर्न सक्नुहुन्न भने तपाईं दीर्घकालीन ब्याज उठाउने योजना प्राप्त गर्न सक्नुहुन्छ।

***बिरामीको वित्तीय सेवाहरू:*** तपाईंलाई मद्दत गर्नका लागि वित्तीय सल्लाहकारहरू उपलब्ध हुनुहुन्छ। उहाँहरूले तपाईंलाई सहायता आवेदनहरू भर्न सहायता गर्नु हुने छ। उहाँहरूले कुन सहायता उपलब्ध छ भनी निर्धारण गर्नु हुने छ। यसले Medicaid का लागि योग्यता निर्धारण समावेश गर्छ।

तपाईं स्याहार प्राप्त गर्ने स्थानमा वित्तीत सल्लाहकारलाई सम्पर्क गर्न सक्नुहुन्छ। तपाईं वित्तीय मद्दतका लागि योग्य हुनुहुन्छ वा हुनुहुन्न भनी निर्धारण गर्न वित्तीय सल्लाहकारले मद्दत गर्न सक्नुहुन्छ। वित्तीय सल्लाहकारहरूले वित्तीय सहायता नीति, आवेदन र सहज भाषा सारांशको निःशुल्क प्रतिलिपि पनि उपलब्ध गराउन सक्नुहुन्छ।